# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी मिति २०४७।११।२४ को निर्णयानुसार गृह मन्त्रालयको अतिरिक्त सचिव श्री नारायणप्रसाद राजभण्डारीलाई विशेष प्रहरी विभागको मुख्य अधिकृत पदमा कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना २

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका का. मु. सचिव श्री विश्वमान श्रेष्ठ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही मन्त्रालयका अतिरिक्त सचिव श्री सूर्यनाथ सुवेदीलाई मिति २०४७।१२।६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
मधुसूदनप्रसाद गोखाली
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय कास्कीका प्र.जि.अ. श्री रेवतीरमण पोखरेल मन्त्रालयमा काजमा रहनुभएकोले नि.से.नि, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्रमुख जिल्ला अधिकारी पदमा सोही कार्यालयका वरिष्ठ प्रशासकीय अधिकृत श्री दयाराम शर्मालाई मिति २०४७।११।२० गतेदेखि लागू हुने गरी का.मु. मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

59

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय सिन्धुलीमा सरुवा हुनुभएका प्र.जि.अ. हाजिर नभएसम्म नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री सीताराम पोखरेललाई मिति २०४७।११।४ गतेदेखि लागू हुने गरी का.मु.मुकरर गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय बाग्लुङको प्रमुख जिल्ला अधिकारी श्री ध्रुवप्रसाद घिमिरे मिति २०४७।११।२० गतेदेखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि. अ. पदमा सोही कार्यालयका प्र.अ. श्री शेषकान्त शर्मालाई मिति २०४७।११।२० गतेदेखि नै लागू हुने गरी का. मु. मुकरर गरेको छ।

## सूचना ४

श्री ५ को सरकारले जिल्ला कार्यालय जाजरकोटका प्रमुख जिल्ला अधिकारी मिति २०४७।११।२० गतेदेखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री मोहनबहादुर के. सी लाई मिति २०४७।११।१४ गते देखि लागू हुने गरी का. मु. मुकरर गरेको छ।

## सूचना ५

श्री ५ को सरकारले जिल्ला कार्यालय अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी श्री केशवराज घिमिरे मिति २०४७।११।२२ गतेदेखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र.अ. श्री दामोदर पन्तलाई का. मु. मुकरर गरेको छ।

आज्ञाले,
शिवप्रसाद आचार्य
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।